# आर्थिक वर्ष २०७८।७९
# को
# बजेट वक्तव्य

## परिवर्तन गाउपालिका

रोल्पा

२०७८

परिवर्तन गाउँसभाको बैठकमा २०७८ साल आसार १० गते
उपाध्यक्ष श्री हितकुमारी बुढामगर ज्युद्वारा
प्रस्तुत गर्नुभएको

आर्थिक वर्ष २०७८।७९ को

# बजेट वक्तव्य

## परिवर्तन गाउँपालिका

## रोल्पा

**परिवर्तन गाउँपालिकाको दशौं गाउँ सभाका अध्यक्ष ज्यू,**

**यस सम्मानीत र गरिमामय सदनमा उपस्थित सदस्य ज्यूहरु,**

नेपाली जनताको लामो समयको त्याग बलिदान र संर्घषको परिणाम स्वरुप स्थापित संघिय लोकतान्त्रिक गणतन्त्र कार्यान्वयनको महत्वपुर्ण र ऐतिहासिक पृष्ठभुमीमा यस परिवर्तन गाउँ सरकारको दशौं गाउँ सभा मार्फत आ.व. २०७८।७९ को बार्षिक बजेट तथा कार्यक्रम यस सदनमा प्रस्तुत गर्न पाउदा गौरवको अनुभुति गरेको छु ।

मुलुकमा संघिय लोकतान्त्रिक गणतन्त्र स्थापना गर्न आफ्नो जीवन वलिदान गर्ने सम्पुर्ण महान सहीदहरु प्रति हार्दिक श्रदाञ्जली अपर्ण गर्दछु । जनआन्दोलन तथा जनयुद्धका घाइतेहरु, द्वन्द्वपीडितहरु तथा संघीयता स्थापना गर्न अहम भुमिका खेल्ने सम्पुर्ण व्यक्तिहरु लाई स्मरण गर्न चाहन्छु ।

बर्तमान मानव विकास र प्रबिधिको युगलाई नै चुनौती दिने गरी विश्वव्यापी फैलिएको कोभिड १९ को विषम परिस्थितिमा विकास र समृद्धिको यात्रालाई अगाडी बढाउनु पर्ने थप चुनौती हाम्रा सामु सृजना भएको छ । यस कठिन अवस्थामा पनि परिवर्तन गाउँपालिकाको अधिकतम स्रोत र साधनलाई परिचालन गरी जनताको स्वास्थ्य सुरक्षा प्रदान गर्न सक्ने दृढ विस्वास र संकल्प हामी सगँ छ । कोभिड १९ का कारण मृत्युबरण गर्नु हुने सबै नेपालीहरु प्रति हार्दिक श्रदाञ्जली अर्पण गर्दछु । मृतकका परिवार तथा आफन्तजन प्रति समेबेदना ब्यक्त गर्दछु । कोभिड १९ संक्रमित विरामीको शीघ्र स्वास्थ्य लाभको कामना गर्दछु ।

हामी आ.व.२०७७।७८ को बजेट तथा कार्यक्रमलाई सफलता पुर्वक कार्यान्वयनको अन्तिम चरणमा छौं । बजेट कार्यान्वयनमा सहयोग गर्नुहुने सम्पुर्ण परिवर्तन बासी आमाबुवा दाजुभाई तथा दिदिबहिनी, गाउँ सभाका सदस्य ज्यूहरु, कार्यपालिकाका सदस्य ज्यूहरु तथा राष्ट्रसेवक कर्मचारीहरुमा यस गरिमामय सदन मार्फत हार्दिक आभार व्यक्त गर्दछु ।

चालु आर्थिक वर्ष सम्म हामीले हासिल गरेका महत्वपुर्ण सफलता तथा उपलब्धीहरुको विस्तृत चर्चा गाउँपालिकाको बार्षिक नीति तथा कार्यक्रम मार्फत भई सकेको छ । **समृद्ध नेपाल सुखी नेपाली**को राष्ट्रिय आकांक्षा पुरा गर्न आम जनताको जीवन पद्धतीमा गुणात्मक रुपान्तरण गर्ने दिशा तर्फ हामी निर्देशित छौं ।

आ व २०७७।७८ मा परिवर्तन गाउँपालिकाको कूल बजेट रु **४२ करोड ६३ लाख ७५ हजार ७६० रुपैया ६३ पैसा बिनियोजन गरिएकोमा** हाल सम्म **कूल खर्चः- २५ करोड ५३ लाख ३९ हजार ६१० रुपैया** खर्च भई सकेको छ । सघिंय सरकार र प्रदेश सरकारबाट वित्तिय समानिकरण अनुदान मार्फत हस्तान्तरण भएको बजेट द्धारा संचालित योजना मध्य करिब ९० प्रतिशत योजनाहरु सम्पन्न भई भुक्तानीको चरणमा रहेका छन ।

**आदरणीय  अध्यक्ष महोदय,**
अव म आगामी वर्षको बजेटका उद्देश्य तथा प्राथमिकता प्रस्तुत गर्ने अनुमति  चाहान्छु ।

- कोभिड १९ महामारीबाट गाउँपालिकाबासीलाई स्वास्थ्य सुरक्षा प्रदान गर्ने ।
- शिक्षा स्वास्थ्य क्षेत्रको गुणस्तर सुधार गरी सामाजिक रुपान्तरण गर्ने ।
- नागरिकहरुलाई उद्यमशिलता र व्यावसायिकता तर्फ आकर्षित गरी दिगो आर्थिक बृद्धि हासिल गर्ने ।
- सार्वजनिक सेवा प्रवाहमा नागरिक पँहुच अभिवृद्धि गरी सुशासनको प्रत्याभुति गर्ने ।
- कृषि तथा पशुपालन क्षेत्रमा व्यवसायिकता प्रबर्द्धन गर्ने ।
- रोजगारी सृजना र आय आर्जनका माध्यमबाट नागरिकको जीवनस्तरमा सुधार ल्याउने ।

**आगामी आव को बजेटका प्राथमिकताहरु देहाय बमोजिम निर्धारण गरेको छु ।**

१) कोभिड १९ महामारीको नियन्त्रण रोकथाम तथा उपचारमा अधिकतम श्रोत साधनको परिचालन ।
२) शैक्षिक पुर्वाधार निर्माण र जनशक्ति व्यवस्थापनमा लगानी बृद्धि ।
३) सफा शुद्ध र स्वच्छ खानेपानीमा सबै गाउपालिकाबासीको पहुच वृद्धि गर्ने ।
४) संघिय सरकार र प्रदेश सरकार सहलगानीमा योजना संचालन ।
५) कृषि तथा पशुपालन क्षेत्रमा उत्पादन र उत्पादकत्व बृद्धि गर्ने ।
६) सडक तथा पुर्वाधार विकासमा जोड दिई नागरिक पहुच अभिबृद्धि गर्ने ।
७) सबै नागरिकमा गुणस्तरिय र निःशुल्क स्वास्थ्य सेवाको पहुच विस्तार गरी स्वस्थ जिवनयापनमा सहयोग गर्ने ।
८) महिला, दलित, जनजाति, अपांग, जेष्ठ नागरिक लगायत लक्षित समुदायको क्षमता अभिबृद्धि गरी समाबेशी विकासमा जोड दिने ।

९) आधुनिक सुचना तथा प्रविधिको माध्यमबाट सेवा प्रवाहलाई प्रभावकारी र गुणस्तरिय बनाई विद्युतिय शासन प्रत्याभुत गर्ने ।

**आदरणीय अध्यक्ष महोदय,**

अब म यस परिवर्तन गाउँपालिकामा आगामी आ.व.२०७८।७९ मा हुने अनुमानित आम्दानीको विवरण प्रस्तुत गर्न चाहन्छु ।

आगामी आ. व. २०७८।७९ का लागी संघिय सरकारबाट प्राप्त हुने समानिकरण अनुदान रु ९ करोड ७ लाख, शर्शत अनुदान रु १९ करोड २१ लाख, विशेष अनुदान रु २ करोड ७४ लाख र राजश्व बाँडफाँड बापतको रु ७ करोड ४९ लाख ९९ हजार , प्रदेश सरकारबाट समानिकरण अनुदान रु ४२ लाख १८ हजार, राजस्व बाँडफाँड बापत रु ४६ लाख ३० हजार ४८७ रुपैया पैसा ३७, समपुरक अनुदान रु १ करोड ५० लाख, विशेष अनुदान मुख्यमन्त्री ग्रामिण विकास तथा रोजगार कार्यक्रम रु ६० लाख र गाउँपालिकाको आन्तरिक आम्दानी रु ३० लाख ५० हजार गरी जम्मा कुल बजेट रु ४२ करोड ६६ लाख ४१ हजार ४ सय ८७ रुपैयाँ पैसा ३७ मात्र अनुमान गरिएको व्यहोरा यस सम्मानित सदनमा अवगत गराउन चाहन्छु । आ.व २०७७।७८ को बजेटबाट खर्च हुन नसकेको रकम माथि उल्लेखित बजेट आकारमा समाबेश गरिएको छैन । आर्थिक बर्षको अन्त्यमा बचत हुन जाने नगद मौज्दात समेत यसै बजेटको अंश भैजाने व्यहोरा समेत अनुरोध गर्न चाहन्छु ।

कुल बजेट रु रु ४२ करोड ६६ लाख ४१ हजार ४ सय ८७ रुपैयाँ पैसा ३७ मात्र मध्ये चालु तर्फ रु २९ करोड ४२ लाख ६२ हजार ६६७ रुपैयाँ पैसा ३७ मात्र अर्थात ६८.९७ प्रतिशत र पुँजिगत तर्फ रु १३ करोड २३ लाख ७८ हजार ८२० रुपैया अर्थात ३१.०३ प्रतिशत बजेट विनियोजन गरेको छु ।

१. गाउँपालिकाकामा प्राप्त संघिय सरकारको राजश्व बाँडफाडको रकम रु ७ करोड ४९ लाख, प्रदेश सरकारबाट प्राप्त राजस्व बाँडफाँडको रकम रु ४६ लाख ३० हजार ४८७ रुपैयाँ ३७ पैसा, प्रदेश सरकारबाट प्राप्त समानिकरण अनुदान रकम रु ४२ लाख १८ हजार र संघिय समानिकरण अनुदानबाट ४ प्रतिशत कन्टिन्जेन्सी कट्टि

गरिने रकमबाट गाउँपालिकाको कार्यालय र वडा कार्यालय दैनिक प्रशासनिक खर्च, कर्मचारी तलव भत्ता तथा शिक्षक अनुदन समेतमा खर्च हुने व्यवस्था मिलाएको छु ।

२. गाउँपालिकामा संघिय सरकारबाट शर्शत अनुदान बापत प्राप्त चालु खर्च रु १७ करोड ६६ लाख र पुँजिगत खर्च रु १ करोड ६६ लाख संघबाट नै निर्धारित कार्यक्रमका लागी खर्च गर्ने व्यवस्था मिलाएको छु ।

३. प्रदेश सरकारबाट विशेष अनुदान बापत मुख्यमन्त्री ग्रामिण विकास तथा रोजगार कार्यक्रम मार्फत विनियोजन भई आएको बजेट रु ६० लाख लाई निर्धारित कार्यविधि अनुसार बजेट स्वीकृत हुने गरी विशेष समुदायको उद्यमशिलता विकास, आय आर्जन र स्वरोजगारी सृजना हुने कार्यक्रम तर्फ खर्च गर्ने गरी व्यवस्था मिलाएको छु ।

४. प्रदेश सरकारबाट समपुरक अनुदानका रुपमा प्राप्त रु १ करोड ५० लाख मा गाउँपालिकाको अनुदानबाट थप रु १ करोड ५० लाख विनियोजन गरी सबै वडाका एक एक वटा मुख्य सडक निर्माणका लागी जम्मा रु ३ करोड बजेट विनियोजन गरेको छु ।

५. प्रदेश सरकारबाट शर्शत अनुदानका रुपमा प्राप्त हुने चालु अनुदान रु ८५ लाख ४४ हजार रकम प्रदेश सरकारको बजेट तथा कार्यक्रममा उल्लेख भए बमोजिमका पुर्वाधार निर्माण सम्बन्धी योजनामा खर्च हुने व्यवस्था मिलाएको छु ।

६. संघबाट विशेष अनुदानका रुपमा प्राप्त रकम संघिय सरकारबाट तोकिए बमोजिम नै फुलबारी खानेपानी आयोजना वडा नं १ का लागी रु १ करोड ६६ लाख र ददेरा रुपाडाँडा लिफ्ट खानेपानी वडा नं ३ का लागी रु १ करोड ८ लाख खर्च गर्ने व्यवस्था मिलाएको छु ।

७. वडा समितिका लागी अनिवार्य अनुदान रु २० लाख र वडाको भुगोल जनसंख्या र आन्तरिक राजस्व परिचालनको अवस्थालाई मुख्य सुचक सहितको शुत्रमा आधारित गरी सबै वडा तर्फबाट स्थानियको सहभागीतामा छनौट भई आएका योजना लाई प्राथमिकता दिने गरी रु २ करोड ५० लाख बजेट व्यवस्था मिलाएको छु ।

८. परिवर्तन गाउँपालिका अन्तरगत रहेका विभिन्न विषयगत क्षेत्रको विकास निर्माणका योजना छनौट तथा कार्यान्वयनका लागी विषयगत समिति तर्फ रु १ करोड ९९ लाख बजेट विनियोजन गरेको छु ।

९. विश्वब्यापी महामारीको प्रकोप नियन्त्रण कठिन र चुनौतिपुर्ण भएको सन्दर्भमा यसको रोकथाम र नियन्त्रणका लागी दैनिक जिवन पद्धतिलाई स्वस्थ बानी व्यवहार तर्फ रुपान्तरण गरी स्वास्थ्य मापदण्डको पालना र सचेतना मुख्य कार्यक्रम हो । कोभिड १९ रोकथाम तथा नियन्त्रणका लागी गाउपालिकाबाट रु ३० लाख बजेट विनियोजन गरेको छु । साथै कोभिड १९ सचेतना कायक्रमका लागी सबै वडा माफर्त पनि विभिन्न कार्यक्रमका लागी बजेट विनियोजन गर्ने व्यवस्था मिलाएको छु ।

१०. कृषि क्षेत्रमा व्यावसायिकता प्रबर्द्धन गरी आय आर्जन र रोजगारीका अवसर सृजना गर्न कृषि तथा पशुपालनका लागी मागमा आधारित तालिम, अनुदान कार्यक्रम कृषि स्मार्ट कार्यक्रम, पकेट विकास कार्यक्रम लगायतका कार्यक्रमका लागी उचित बजेट व्यवस्था मिलाएको छु ।

११. कृषि क्षेत्रमा युवा वर्गको आकर्षण बृद्धि गरी स्वरोजगारीका अवसर सृजना गर्न **युवा कृषि आकर्षण कार्यक्रम** संचालनका लागि रु १० लाख बजेट विनियोजन गरेको छु ।

१२. स्वास्थ्य संस्थाको सेवा प्रवाहलाई थप व्यवस्थित र गुणस्तरिय बनाउन जनशक्ति क्षमता विकास र औषधी उपकरणको व्यवस्था लगायतका कार्यका लागी उपयुक्त बजेट व्यवस्था गरेको छु ।

१३. खेलकुद मानव स्वास्थ्यका लागी महत्वपुर्ण कुरा हो । गाउँपालिकामा एकिकृत र व्यवस्थित ढंगबाट विद्यालय स्तरिय खेलकुद संचालन गर्न गाउँपालिका अध्यक्ष कप खेलकुद आयोजनाका लागी रु १० लाख बजेट विनियोजन गरेको छु ।

१४. महिला हिंसा तथा बालविवाह न्युनिकरणका लागि किशोरी उमेर समुहका विद्यार्थीहरुलाई मध्यनजर गरी विद्यालय स्तरमा बालविवाह न्युनिकरणका लागी **किशोरी सँग उपाध्यक्ष भेटघाट कार्यक्रम** संचालनका लागी उचित बजेट व्यवस्था मिलाएको छु ।

१५. शैक्षिक गुणस्तर  एवं व्यवस्थापकीय पक्षमा सुधार गर्न विगत देखि नै गाउँपालिकाले धेरै बजेट खर्च गर्दै आएको सन्दर्भ यहाँहरु समक्ष स्मरण गराउन चाहन्छु । संघिय सरकारको दरबन्दी बाहेक गाउँपालिका अनुदान अन्तरगत कार्यरत सबै शिक्षक तथा कर्मचारीहरुको  मनोबल उच्च गर्नका लागी मावि तहको तलब स्केल रु २६ हजार, निमावि तहको तलव स्केल रु २१ हजार, प्रावि तहको रु २० हजार र बालविकासको रु ८ हजार कायम हुने गरी बजेट व्यवस्था मिलाएको छु ।

१६. गाउँपालिका अन्तरगत वडा कार्यालय, गाउँपालिका र स्वास्थ्य संस्था तर्फ करारमा कार्यरत कर्मचारीको तलबमानमा केहि अन्तर देखिएकोले समान पदका लागी समान तलबमान हुने ब्यवस्था मिलाएको छु ।

यस बजेट तथा कार्यक्रममा समाबेश गरिएका प्रस्तावित चालु प्रशासनिक तथा संचालन खर्च र क्षेत्रगत सिमा अनुसार विनियोजित सम्पुर्ण चालु तथा पुजीँगत आय व्ययको विस्तृत विवरण संलग्न अनुसुची अनुसार रहेको व्यहोरा यस सम्मानित सदनमा जानकारी गराउन चाहन्छु ।

**अव म यस आ.व.२०७८।७९ मा परिवर्तन स्थानीय सरकारको राजश्व संकलन तथा परिचालन सम्बन्धी नीती तथा कार्यक्रम प्रस्तुत गर्न गैरहेको छु ।**

आन्तरिक आम्दानी बृद्धि तथा करका दर र दायरालाई समयनुकूल परिमार्जन तथा परिचालन गर्न नसकेमा गाउँपालिका समृद्ध र आत्मानिर्भर बनाउने सपना साकार पार्न सकिदैन । त्यसैले आन्तरिक आम्दानी व्यवस्थित गर्न करको दर तथा दायरा बढाउदै जानु पर्ने अवस्था छ । त्यसैले यस आ.व.२०७८/७९ का लागी निर्धारण गरिएको कर तथा राजश्वको दरलाई अनूसूचीमा उल्लेख भए बमोजिम लागु हुने गरी गाउँपालिकाको आ. व. २०७८।७९ को अर्थ विधेयक यहाँहरु समक्ष प्रस्तुत गरेको छु ।

अन्तमा यस आ.व.२०७८/७९ को बजेट तथा कार्यक्रम तर्जुमा गर्दा हामीलाई राय सल्लाह सहयोग र सुझाव दिने राजनितिक दलका प्रतिनिधी, बद्धिजिबी, समाजसेवी, संचारकर्मी सरकारी तथा गैर सरकारी निकायहरु, नागरिक समाज, आम नागरिक गाउँ सभाका सदस्य ज्युहरु तथा अहोरात्र खटिएर काम गर्ने राष्ट्र सेवक कर्मचारीहरुको ठुलो योगदान रहेको छ । यहाँहरु सवैलाई आभार एवं हार्दिक धन्यवाद ज्ञापन गर्न चाहन्छु ।

# धन्यबाद ।